५. परिशिष्ट ख बमोजिम साप्ताहिक अर्धमासिक बिक्री मौज्दातको रिपोर्ट समय समयमा दिनैपर्दछ ।

६. दरखास्तमा हरएक कुरा प्रष्ट हस्ताक्षरमा लेख्नुपर्दछ ।

७. गाउँगाउँका पसलेहरुले ११ दफामा लेखिएको प्रश्नमा बिक्री गर्ने पसलबाट कुन इलाकाका कुनकुन गाउँको जनतामा बिक्री गरी आएको छ र बिक्री गर्ने ग्राहक पर्छ, सबै खोल्नुपर्छ ।

का. मु. डाईरेक्टर
सिभिल सप्लाइज विभाग.

## सूचना

नेपाल कम्पनी कानूनमुताबिक सर्वसाधारण जनताबाट शेयर उठाई पूँजी जम्मा गरी लिमिटेड कम्पनी खोल्ने इजाजत दिने गरेको सबैलाई विदितै होला । हाल केही यस्ता संस्थाहरू पनि खुलेको खबर यस विभागमा आएको छ, जो सर्वसाधारण जनताबाट शेयर उठाई पूँजी जम्मा गरेर पनि न लिमिटेड भन्ने शब्द आफ्नो नाममा जोड्दछन्, नत यस विभागबाट रजिष्टर भई गएका छन् । हाम्रो देशमा सहकारी संस्था [को अपरेटीव सोसाइटी] खोल्ने कानुन आजसम्म नभएकोले यस्ता–सार्वजनिक भवन, सरकारी समिति आदि नामले कहलाइने संस्था कानूनमुताबिक यस बिभागबाट रजिष्टर हुन सक्तैनन् भन्ने जनतालाई बिदित गर्नलाई यो सूचना प्रकाशित भएको छ । कुनै कुरामा पनि यस्ता संस्थाले गरेको उजुर वा यिनको उपरको उजुर लाग्नेछैन । खास गरेर यस्ता संस्थाहरूमा पूँजी हाल्ने व्यक्तिहरूले पछि आफ्नो शेयरबारे केही उजुर गर्न चाहेमा सो उजुर लाग्नेछैन । यस्तो ढङ्गले खडा भएका संस्थाहरूले कम्पनी कानुनमुताविक रजिष्टर हुनलाई तुरुन्त यस विभागमा दरखास्त दाखिल गरे बेस होला ।

का. मु. डाइरेक्टर—उद्योग तथा वाणिज्यविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ! सूचना !! सूचना !!!

लिफा नपाएमा सोबापतको दस्तूर रु १ को टिकट वा नोट खामिएको नभई दर्खास्त बिन्तिपत्रहरुको कारबाई नहुनेबारेको सूचना नेपाल गजेटमा प्रकाशित भएकोमा अधिकांश दर्खास्तवालाहरुले सोबमोजिम नगरेको बुझिएकोले यो सूचित गरिन्छ कि अबदेखि दरखास्त बिन्तिपत्र इत्यादि दिन चाहनेहरुले ५ कार्तिक २००८ को गजेटमा छापिएको सूचनानुसार गर्नुहोला ।

का. मु. डाइरेक्टर
उद्योग तथा वाणिज्यवीभाग.

## सूचना

आफ्नो पूँजी लगाई खरीद गरो सो मालको बुकिंगको बन्दोबस्त मिलाई जुन स्टेशनमा चलाउनुपर्छ, चलाई त्यसको रेलवे रसीद मुकर्रर भएका डृष्टिब्यूटसलाई सौंपिएपछि ड्रिष्टिब्यूटर्सबाट पेमेन्ट येजेन्सट रेलवे रसीद पाउने गरो नेपाल ट्रेडसलेनेसिवीशिप पाइरहेको कोटाको धागोमध्ये येडहक कोटाको र सन् ५२ जनवरी फेब्रुवरी मार्च मैन्हाहरुको कोटाको धागो तपाई निम्नलेखिएका व्यक्तिहरुले निम्नलेखिएका इलाकामा लेखिएबमोजिमको धागो पैठारी गर्न पाहिक पर्ने देहायमा लेखिएका भारतका रेलवे स्टेशनबाट डिलेभरी लिई इलाकाइलाकामा पैठारी गर्न पाउने इजाजत पाउनुभएकोले पत्रद्वारा सूचित गरी सूचनासमेत प्रकाश गर्ने काम भएको छ। तुरुन्त नोमिनि नेपाल ट्रेडर्स जुदसडक काठमाडौं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

नेपालसँग सम्पर्क स्थापित गरी आफूले पैठारी गर्न पाएको धागो देहायमा लेखिएका रेलवे स्टेशनबाट समयमै डिलेभरी लिन पाउने गर्न जे जो बन्दोबस्त मिलाउनुपर्छ, त्यस्को समेत पूरा बन्दोबस्त यथासमयमै मिलाउनुभई जिल्लाकारेल हेडमा डिलेभरी लिने भएको हुनाले इलाकामा पुऱ्याउन बाटोमा लाग्ने अवधि र मौसम बखतको अनुकूल हेरी बढीमा पाहाड इलाकामा पैठारी गर्न इजाजत पाएकोले ३ मैन्हा र मध्येश तराई र सदर काठमाडौंकाले १ महीनासम्ममा जिल्लाकाले तोकिएका इलाकाको मुख्य बजारमा बडाहाकिमले भनेको ठाउँमा र सदर काठमाडौंकाले काठमाडौं भन्सार गोस्वारामा इजाजत पाएजति पूरा धागो पैठारी गरिसक्नुपर्छ र तोकिएका ठाउँमा धागो पुगेका ७ दिनभित्र जिल्लाकाले इलाका गढी, गौंडा, गोस्वारा, यस विभागमा समेत र काठमाडौं-काले यस विभागमा मात्र खबर गरी जिल्लाकाले यस विभागबाट गरिपठाएबमो-जिम गढी, गौंडा, गोस्वाराले, दिएका र दिइने औ काठमाडौंकाले यस विभागबाट दिएका र दिइने शर्त नियम रुलबमोजिम इजाजत लिई बिक्री वितरण गर्नुहोला । तपाई हरूले पैठारी गर्न पाएको इलाकामा पुऱ्याउन देहायका स्टेशनबाट माल डिलेभरी लिन पाहिक नपर्ने भए आफूलाई पाहिक पर्ने स्टेशनको नाम ठेगानाको सूचना तत्काले नोमिनिलाई दिनुहोला । यो एलोटमेन्ट तपाई-हरूको दरखास्तबाट गरेको हुनाले र पत्रपत्रिकाद्वारा सूचना गरेको हुनाले हामीले थाहा पाएको छैन भन्न र कबूलियत गरेको छैन भन्न पाउनुहुन्न । देहायका इलाका-लाई देहायका स्टेशनबाट तुरुन्त डिलेभरी लिन हुने पाउने गरी रेलवे रिलिव आडर र मोमेन्ट सर्टिफिकेटको समेत चाहिने बन्दोबस्त गरी नोमिनिले सूचना दिनासाथ डिमरेज नलाग्ने गरी माल डिलेभरी लिनुभएन र तोकिएको म्यादमा तोकिएको इलाकामा पूरा माल पुऱ्याउन अथवा एका इलाकामा पुऱ्याउन-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने माल अर्का इलाकामा पुऱ्यायो भने त्यसबाट हुने हानि नोक्सानिको साथ-साथै कडा सजाय बेहोर्नुपर्नेछ ।

| धागो इम्पोर्टर गर्न पाएका व्यक्तिको नाम थर वतन | पैठारी गर्न पाएको धागो गाँठ | डिलेभरी लिने भारतका रेलवे स्टेशनको नाम | पुऱ्याउनुपर्ने जिल्ला इलाकाको नाम |
|---|---|---|---|
| एडहक कोटाको | | | |
| त्रिरत्न तुलाधर तंलाछी | १५ | रक्सौल | काठमाण्डू |
| लालबहादुर श्रीप्रसाद न्यौड | २० | ऐ | ऐ |
| राजवरसीं राजभानसिं न्हाखा | २० | ऐ | ऐ |
| भाजुकृष्ण देवकृष्ण जुद्धसडक | २० | " | " |
| कुलवीरसिं लक्ष्मीवीरसिं केल | १५ | " | " |
| न्हुछेसुन्दर तुलाधर नेटपाचो | १० | " | " |
| कृष्णलाल रामभक्त भ. पु. बलाछे | १५ | " | " |
| नेपाल वस्त्रकलाभवन तारावीरसिं | २० | " | " |
| श्रीकृष्णदास उमरलाल जुद्धसडक | २० | " | " |
| काशिनाथ गंगानाथ ल. पु. सोलिम्ह | २० | " | " |
| महावीर बाबुलाल भेडासिंग | २० | " | " |
| गंगाबहादुर वीरबहादुर | २० | " | " |
| बेखानाथ योगेन्द्रनाथ ल. पु. कोबाहाल | २० | " | " |
| जीवकृष्ण लक्ष्मीकृष्ण जुद्धसडक | २० | " | " |
| नरेन्द्रराज श्रेष्ठ ल. पु. नपसल | २० | " | " |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६०

| | | | |
|---|---|---|---|
| रामलक्ष्मण चिपालु ल. पु. चाडी | १५ | " | " |
| हनुमानप्रसाद मंगलचन इन्द्रचोक | १५ | " | " |

## सन् ५२ जनवरी, फेब्रवरी, मार्च मैन्हाको

| | | | |
|---|---|---|---|
| शिवरत्नराम भगवानदास | २५ | नौतनवा | बुटौल |
| कनैयालाल कसीधन नेपालगन्ज | २५ | नेपालगंज रोड | नेपालगन्ज |
| जवाहरिलाल झुमरलाल राजविराज | २५ | निर्मली | राजविराज |
| मनसुखलाल भवर ( विराटनगर ) | २५ | जोगबनी | विराटनगर |
| रामेश्वरराम जयशंकरप्रसाद ( जलेश्वर ) | २५ | जनकपुर | जलेश्वर |
| कृष्णगोपाल श्रेष्ठ ( खडपु ) | २५ | रक्सोल | पू १ नं. का. प. इलाका |
| गणेशकुमार काजीमान ( धनकूटा ) | २५ | जोगवनी | धनकूटा |
| अबदुल बरकत मियाँ ( त्रिशूली ) | २५ | रक्सोल | प. १ नं इलाका |
| बाबुकृष्ण उपाध्याय (प १नं, नर्जा सठिया) | २५ | " | " |
| श्रीगणेश सार्वजनिक उद्योग वाणिज्य-भवन ( खिखामाछा बजार ) | ३० | जोगवनी | पू ४ नं. खिखामाछा |

का. मु डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना

भारतबाट आउने सन् १९५२ जनवरी, फेब्रुवरी मार्च मैन्हाको कोटाको निम्न लेखिएको धागो नेपाल सरहद्को विभिन्न जिल्लामा पैठारी गर्न नपाई निम्न लेखिएका व्यक्तिहरूले इजाजत पाउनुभएकोले पत्रद्वारा सूचित गरी यो सूचनासमेत प्रकाश गर्ने काम भएको छ। तुरुन्त नोमिनी नेपाल क्लथ सप्लायर्ससँग सम्पर्क स्थापित गरी मिलहरूमा आफैं गई वा कमिशन एजेन्ट मुकर्ररसमेत जे जो गर्नुपर्छ, यथासमयमै गर्नुभई रेलवे बुकिंगको परिस्थिति र रेल बाटोमा लाग्ने मुनासिबमाफिकको अवधि र मौसिम बखतको समेतको अनुकूलले बढीमा पहाड इलाकामा पैठारी गर्न इजाजत पाएकाले ४ मैन्हा र मधेश तराइ इलाकाकोले २ मैन्हा-सम्ममा तोकिएको इलाकाको मुख्य बजारमा बडाहाकिमले भनेका ठाउँमा इजाजत पाएजति पूरा धागो पैठारी गर्न सक्नुपछ र तोकिएको ठाउँमा पुगेका ७ दिनभित्र जिल्ला गौंडा, गोस्वारामा यस विभागमा खबर गरी यस विभागबाट गरी पठाएबमोजिम गडी, गौंडा, गोस्वाराले दिएको र दिइने शर्त नियम रूलबमोजिम इजाजत लिई बिक्री वितरण गर्नुहोला। यो येलोट नपाई-को दरखास्तबाट गरेको हुनाले र यसको सूचना पत्रपत्रिकाद्वारा दिएको हुनाले कबूलीयत गरेको छैन भन्ने र खबरै पाएको छन भन्न उन्नुहुनेछैन। नोमिनिस-ग तुरुन्त सम्पर्क स्थापित नगरी आफ मिलमा नगई वा कमिशन एजेन्ट मुकर्रर नगरी समयमा माल ढिलेभरी मिलबाट नलिनुभई कोटालाप्स गर्नुभएमा र तोकिएका म्यादमा तोकिएका इलाकामा नपुऱ्याउनुभयो अथवा एका ईलाकाको माल अर्को ईलाकामा पुऱ्याएमा समेत त्यसबाट हुनेहानि नोक्सानीको साथैसाथ कडा सजाय बेहोर्नुपर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। 2060

तपसील

| ईम्पोटर्सको नाम ठेगाना | पैठारी गर्नुपर्ने जिल्ला | धागो माँठ |
|---|---|---|
| अबदुल गफारु मियाँ बुटौल | बुटौल जिल्लाको निमित्त | २५ |
| रामनाथ द्वारिकेश्वर नेपालगञ्ज | नेपालगञ्जको निमित्त | २५ |
| शालिराम राजविराज | राजविराज (सप्तरी) | २५ |
| गोविन्दराज जोशी धरान | विराटनगर | २५ |
| विष्णुलाल बस लाल बन्दीपुर | पश्चिम ३ नं. बन्दीपुर | २५ |

का मु. डाइरेक्टर.
सिभिल सप्लाइज विभाग.

## सूचना

यस विभागबाट इजाजत पाएका खुद्रे पसलेहरूले कपडा लिन आएमा होलसेलरहरूले आफूसँग भएका सबै बानाका कपडाहरूको लगत यो यो बानाको यति यति छ भन्ने प्रस्ट देखिने गरी त्यसको कन्ट्रोल भोलसमेत लेखी कपडा लिन आउने रिटेलर्सहरूलाई देखाउनु र देखिने गरी पसलमा टाँगी राख्नुपछ । सोबमोजिम होलसेलरले आफूसँग भएको कपडाको फाँटवार सबै रिटेलर्सलाई खाएन र पसलमा टाँगी राखेन भने सजाय हुनेछ ।

का. मु. डाइरेक्टर.
सिभिल सप्लाइज विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।